# " कतै म पुत्रविहिन त भइन ?"

गोर्खाली भन्नसाथ
कुनै परिचयको आवश्यक छैन
संसारका कुना कुनामा
इज्जत राखेकाछन - मेरा पुत्रहरुले

सबैको शरिरमा बग्ने गर्थ्यौ
एकै रंगको रगत - रातो
मेरा पुत्रहरुलाई हेर्दै
म आफैं गर्व गर्छु
कतिले धर्मपुत्र बनाएकाछन्
कति आउछन् मलाई भेटन
कति गौरव छ - ममा

समय वित्दै जान थाल्यो
रातो खुन अब केहि मात्रामा कालो भएछ
मलाई यस्तो लाग्छ
हर्षका रेखाहरु
मेरो अनुहारबाट हट्दै भए जस्तो
निराशाहरु थुप्रदै
मेरो आखाहरु रसाउन थाले जस्तो

तिनछक्क परेको छु कोहि कोहि
समय झैं बदलिएको देख्दा
एकै प्रश्न गरेका थिएं
"लौ भन पुत्र तिमी को हौ ? "भनी
बालक छंदा झ्वाट्ट जवाफ दिन्थे
"नेपाल आमाको सन्तान"
तर अहिले त एकदमै अनौठो जवाफ
"आमा म ने.का., उ ए.मा.ले.
फलाना रा.प्र.पा. फलना यो
अनि फलना त्यो"
कुकुर बिरालो झैं लडेको देख्दा
मेरो हृदय छिया छिया नहोस् पनि कसरी?
कसलाई के भनुं म ?
अब मेरा सन्तानहरुलाई यि आंसु
सिवाय अरु के दिन सक्छु र म?

ल सुन मेरा गुनासाहरु

ठुला पुत्रहरुले
सताउन सम्म सताइसके
सम्पतिको नाउमा बचेको छ
अब मसंग त्यो सगरमाथा
चाहिए रे मित्र उनीहरुलाई
दक्षिण ढोका पुरै खुल्ला गरिदिए
अहिले त मेरो आगनै भरि
पराइ नाचेको देख्छु
बिचका पुत्रहरु
आफ्नै समस्या सुल्भाउदैमा ठिक्क,
कहा छ र फुर्सद उनीहरुलाई
मेरो बारेमा सोच्ने ?
साना पुत्रहरुका के गर्नु कुरा?
सबै वनबास गए जस्तो लाग्छ
कोहि कहां छन् रे कोहि कहां?
कोहि विदेशमा भोका ना·ा छन् रे
चाहेर पति विवशताले आउन नसक्नेहरु
विदेशी प्रहरीहरुसंग लुकामारि खेल्दैछन् रे
मेरो ममतालाई कुल्चेर जानेहरुले
अहिले चेल्दैछन् रे

हेर मेरा पुत्रहरु हो
अहिलेसम्म दुनियाको अघि
नभ्रुकेको शिरलाई कदापि भ्रुल्न नदेउ
साच्चै भन्ने हो भने
तिमीहरुको क्रियाकलाप देखी
म दिन प्रति दिन रोगिदै गइरहेको छु
अब आफै सोच त
कता गए तिमीहरुले दिएका वचनहरु ?
कता गए तिमीहरुले लिएका अठोटहरु ?
त्यसैले मलाई कहिलेकाहि डर लाग्छ
किन कि
अब त मलाई शंका लाग्न थालि सक्यो
“कतै म पुत्रविहिन त भइन?”

**लेखक - हिमाल राई**